# जिरी नगरसभाको बैठकमा

नगर प्रमुख श्री मित्र बहादुर जिरेलद्वारा प्रस्तुत

जिरी नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को

# नीति तथा कार्यक्रम

## जिरी नगरपालिका

२०८३ असार ०८ गते

**नगर सभाका उपाध्यक्षज्यू,**
**नगरसभाका सदस्य ज्यूहरू,**

१. यस जिरी नगरपालिकाको नगर प्रमुखको हैसियतले सम्मानित नगरसभाको अठारौँ अधिवेशनसमक्ष आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु।

२. यस महत्वपूर्ण अवसरमा राष्ट्रको रक्षा, लोकतान्त्रिक परिवर्तन, सुशासन र नागरिक अधिकारका लागि भएका विभिन्न आन्दोलन तथा युवा पुस्ताको ऐतिहासिक सहभागितामा २०८२ भदौ २३ र २४ मा भएको जेन्जी विद्रोहमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात–अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै जिरीको विकासमा योगदान पुऱ्याउनुहुने सबै अग्रज व्यक्तित्वहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

३. नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममार्फत कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन, डिजिटल सेवा विस्तार, उद्यमशीलता विकास तथा रोजगारी सिर्जनालाई उच्च प्राथमिकतामा राखेको सन्दर्भमा जिरी नगरपालिकाले ती राष्ट्रिय प्राथमिकतासँग तादात्म्यता कायम गर्दै स्थानीय आवश्यकता, स्रोत, साधन र सम्भावनालाई केन्द्रमा राखी कृषि उत्पादन तथा बजारीकरण, पर्यटकीय गन्तव्यहरूको संरक्षण, विकास र प्रवर्द्धन, युवा उद्यमशीलता तथा स्वरोजगार प्रवर्द्धन, वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा प्रविधिमैत्री सुशासनलाई आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरूको प्रमुख आधार बनाएको छ।

४. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको कार्यक्षेत्र र जिम्मेवारीलाई आत्मसात् गर्दै "समृद्ध जिरीको आधार : कृषि, पर्यटन र पूर्वाधार" भन्ने दीर्घकालीन सोच तथा नगरलाई "क्लिन जिरी, ग्रीन जिरी, अर्गानिक जिरी" का रूपमा विकास गर्ने लक्ष्य अनुरूप हामीले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तर्जुमा गरेका छौँ।

**नगर सभाका उपाध्यक्षज्यू,**
**नगरसभाका सदस्य ज्यूहरू,**

५. अब म सभासमक्ष नेपालमा संघीय शासन प्रणाली कार्यान्वयनपश्चात जिरी नगरपालिकाले हासिल गरेका प्रमुख उपलब्धि तथा सम्पन्न गरेका महत्वपूर्ण कार्यहरू संक्षेपमा प्रस्तुत गर्न चाहन्छु।

६. गाई आनुवांशिक स्रोत केन्द्र–जिरी अस्पताल–वडा नं. ५ कार्यालय जोड्ने सडकअन्तर्गत करिब २.७ किलोमिटर सडक तीन चरणमा कालोपत्रे तथा ढलान गर्ने कार्य सम्पन्न गरिएको छ।

७. विगत लामो समयदेखि अव्यवस्थित रहेको जिरी बसपार्क निर्माण कार्यलाई बहुवर्षीय योजनाका रूपमा स्वीकृत गरी प्रदेश समपूरक अनुदानअन्तर्गत यसै वर्ष सम्पन्न गर्ने गरी निर्माण कार्य अगाडि बढाइएको छ।

८. भौतिक पूर्वाधार विकास अन्तर्गत करिब २०४ किलोमिटर सडक निर्माण तथा स्तरोन्नति गरिएको छ। सडक निर्माणमा वातावरणमैत्री प्रविधिको प्रयोगलाई प्राथमिकता दिइएको छ। अधिकांश वडामा आधारभूत खानेपानी सेवाको पहुँच विस्तार भएको छ।

९. स्थानीय भवन निर्माण मापदण्ड (Building Bylaws), २०८३ र नगरस्तरीय यातायात गुरु योजना (MTMP) को निर्माण अन्तिम चरणमा पुगेको छ।

१०. नगरको आवधिक योजना र वार्षिक बजेट प्रणालीबीच सामञ्जस्यता कायम गर्नको लागि मध्मकालीन खर्च संरचना (MTEF) तयार पारिएको छ।

११. जिरीका विकास कार्यक्रमहरूले वास्तविक लक्षित समूहहरूलाई समानता र न्यायको क्षेत्रमा के कसरी योगदान पुगेको छ भनी मूल्यांकन गर्न GEDSI अडिट गरिएको छ।

१२. मदिरा व्यवस्थापन गर्न, पशुपन्छी एवं मत्स्य क्षेत्रको प्रवर्द्धन गर्न मदिरा ऐन, पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यविधि लगायतका कानुनहरू निर्माण गरी कार्यान्वयनमा चरणमा रहेका छन्।

१३. नगरको खेलकुद विकास तथा युवाहरूको क्षमता अभिवृद्धिका लागि प्रदेश सरकारको सहयोगमा हाटडाँडामा कभर्ड हल निर्माण सम्पन्न भई हाल हस्तान्तरणको चरणमा रहेको छ।

१४. पर्यटन प्रवर्द्धनका लागि खेलकुद सप्ताह, जिरी कप, पर्यटकीय स्थलमा फोटो बुथ निर्माण, मिनी ताल स्तरोन्नति तथा प्रवर्द्धनात्मक भिडियो सामग्री निर्माण एवं प्रसारण गरी "जिरी भ्रमण वर्ष-२०२५" सफलतापूर्वक सम्पन्न गरिएको छ।

१५. प्रकृति संरक्षण, पर्यटन र साहित्यलाई एकीकृत गर्ने उद्देश्यका साथ बागमती प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालय र जिरी नगरपालिकाको सहकार्यमा प्रथम बागमती पर्यासाहित्य महोत्सव सफलतापूर्वक आयोजना गरिएको छ।

१६. जिरी नगरपालिकाले जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा लगातार तेस्रो पटक प्रथम स्थान हासिल गरी खेलकुद क्षेत्रमा उल्लेखनीय सफलता प्राप्त गरेको छ।

१७. मित्रराष्ट्र चीन सरकारको अनुदान सहयोगमा जिरी माध्यमिक विद्यालयको छात्रवास, लाइब्रेरी सहितको सुविधा सम्पन्न भवन निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ।

१८. "Clean Jiri, Green Jiri, Organic Jiri" अभियानलाई सार्थक बनाउन रासायनिक मलको विकल्पका रूपमा जैविक विषादी तथा प्राङ्गारिक मलको प्रयोग प्रवर्द्धन, जैविक मल कारखाना स्थापनाको पहल, पार्क तथा फोहोरमैला व्यवस्थापन र सडक किनारमा वृक्षारोपण लगायतका कार्यक्रम नियमित रूपमा सञ्चालन गरिएको छ।

१९. पशु विकास कार्यक्रमअन्तर्गत चौंरी प्रवर्द्धन, पशु बीमा, नश्ल सुधार, गोठ सुधार, साना दुग्ध उद्योग स्थापना, दूध उत्पादनमा आधारित अनुदान तथा पशु स्वास्थ्य सेवा विस्तारका कार्यक्रम सञ्चालन गरिएको छ।

२०. नगरभित्रका स्वास्थ्य संस्थाहरूमा आवश्यक जनशक्ति, औषधि तथा स्वास्थ्य उपकरणको व्यवस्थापन गरी स्वास्थ्य सेवा प्रवाहलाई सुदृढ बनाइएको छ।

२१. "ज्येष्ठ नागरिक र अशक्तको सेवामा नगर प्रमुख कार्यक्रम" सुरुवात गरी ७५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिक तथा "क" र "ख" वर्गका अपाङ्गता भएका व्यक्तिहरूका लागि घर दैलोमा स्वास्थ्य सेवा प्रदान गरिएको छ।

२२. नेपाल सरकारको नि:शुल्क खोप कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरी नगरपालिकालाई निरन्तर रुपमा पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको छ।

२३. जिरी अस्पतालमा पोषण पुनःस्थापना केन्द्र सञ्चालनमा ल्याई कुपोषित बालबालिकाको निःशुल्क उपचार तथा व्यवस्थापन गरी नगरको बाल पोषण सुधारमा योगदान पुऱ्याएको छ।

२४. घरमा सुत्केरी हुने दर न्यूनीकरण गर्न तथा प्रसूति जटिलता व्यवस्थापनका लागि जिरी अस्पतालमा Maternity Waiting Home सञ्चालन गरिएको छ।

२५. "सुत्केरी आमासँग उपप्रमुख" कार्यक्रमअन्तर्गत १४६ जना सुत्केरी आमालाई पोषण सामग्री वितरण गरिएको छ।

२६. विद्यालय तहका कक्षा ६ देखि १० सम्म अध्ययनरत छात्राहरूलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको HPV खोप प्रदान गरी किशोरी स्वास्थ्य संरक्षण अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ।

२७. चालू आ.व. मा जिरी नगरपालिकाको नगर शिक्षा योजना तर्जुमा सम्पन्न भई कार्यान्वयनको चरणमा प्रवेश गरेको छ। उक्त योजनाको प्रभावकारी कार्यान्वयनबाट नगरको शैक्षिक गुणस्तर तथा समग्र शिक्षा क्षेत्रको विकासमा सकारात्मक परिवर्तन आउने अपेक्षा गरिएको छ।

२८. चालू शैक्षिक सत्रमा नगरका १० वटा आधारभूत विद्यालय समायोजन तथा एकीकरण गरी शिक्षक तथा कर्मचारी व्यवस्थापन गरी शैक्षिक व्यवस्थापनलाई थप प्रभावकारी, व्यवस्थित र स्रोतसाधनमैत्री बनाउने प्रयास गरिएको छ।

२९. विद्यार्थीहरूमा वैज्ञानिक सोच, अन्वेषण तथा अनुसन्धानप्रतिको जिज्ञासा र सिर्जनशीलता विकास गर्ने उद्देश्यले माध्यमिक विद्यालयस्तरीय विज्ञान प्रदर्शनी कार्यक्रम आयोजना गरी नवप्रवर्तनमूलक सिकाइलाई प्रोत्साहन गरिएको छ।

३०. स्थानीय ज्ञान, सीप, संस्कृति तथा समसामयिक आवश्यकतालाई समेट्ने गरी स्थानीय पाठ्यक्रम अध्यावधिक गरिएको छ।

३१. जोखिम संवेदनशील भू–उपयोग योजना तर्जुमा भई कार्यान्वयनको चरणमा पुगेको छ। यसले जिरीको विपद् जोखिम न्यूनीकरण, सुरक्षित बस्ती विकास तथा वैज्ञानिक भू–उपयोग व्यवस्थापनका लागि महत्वपूर्ण आधार तयार गरेको छ।

३२. वडा तहमा प्राविधिक सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन "एक वडा, एक प्राविधिक" अवधारणा बमोजिम प्राविधिक जनशक्ति व्यवस्थापन गर्ने प्रयास गरिएको छ।

३३. योजना छनौट प्रक्रियालाई थप सहभागितामूलक, पारदर्शी र यथार्थपरक बनाउन टोल तथा बस्तीस्तरबाट योजनाको माग सङ्कलन गर्ने व्यवस्थालाई अनिवार्य र प्रभावकारी रुपमा संचालन गरिएको छ।

३४. योजना सम्झौता, सामान्य स्वास्थ्य परीक्षण, ज्येष्ठ नागरिक परिचयपत्र, स्वास्थ्य बीमा, अपाङ्गता परिचयपत्र वितरण लगायतका सेवाहरू समेटी सबै वडामा एकीकृत घुम्ती सेवा शिविर सञ्चालन गरिएको छ। यसबाट नागरिकको सेवा पहुँचमा उल्लेखनीय सहजता आएको विश्वास लिइएको छ।

३५. जिरी नगरपालिकाभित्र सञ्चालित १० वटा सहकारीलाई COPOMIS मा आबद्ध गरिनुका साथै ४ वटा सहकारी संस्थालाई NCRA मा दर्ता गरिएको छ, जसले सहकारीहरूको अभिलेख व्यवस्थापन, पारदर्शिता, अनुगमन तथा नियमनलाई थप प्रभावकारी बनाएको छ।

३६. नगरपालिकाको सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही तथा जनमुखी बनाउन सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, GEDSI Audit तथा चौमासिक आय–व्यय समीक्षा जस्ता सुशासन प्रवर्द्धनका कार्यक्रम नियमित रूपमा सञ्चालन गरिएको छ। यस्ता अभ्यासहरूले स्थानीय सुशासन सुदृढीकरणमा सकारात्मक योगदान पुऱ्याएको अपेक्षा गरिएको छ।

३७. नगरपालिकाका गतिविधि, सार्वजनिक सेवा तथा लोककल्याणकारी सूचना र सन्देश नागरिकसम्म प्रभावकारी रूपमा पुऱ्याउन स्थानीय जिरी एफ.एम. सहित दोलखा जिल्लाभित्रका विभिन्न एफ.एम. रेडियोमार्फत नियमित प्रसारणको व्यवस्था मिलाइएको छ।

३८. वैदेशिक रोजगारमा जाने श्रमिकहरूको सहजताका लागि पुनः श्रम स्वीकृति सम्बन्धी सेवा तथा सहजीकरण उपलब्ध गराइएको छ।

३९. न्याय सम्पादन कार्यलाई प्रभावकारी बनाउन न्यायिक समिति सदस्य तथा सूचीकृत मेलमिलापकर्ताहरूलाई पुनर्ताजगी तालिम प्रदान गरिएको छ।

४०. सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, प्रविधिमैत्री र सुशासनयुक्त बनाउन अनलाइन सेवा प्रणाली तथा ई–हाजिरी प्रणाली कार्यान्वयनमा ल्याइएको छ। साथै कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ।

**नगर सभाका उपाध्यक्ष ज्यू,**
**नगरसभाका सदस्यज्यूहरू,**

४१. अब म सभा समक्ष आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु:-

## कृषि तथा पशु विकास

४२. कृषि तथा पशुपालन क्षेत्रमा युवाहरूलाई आकर्षित गर्न "युवा कृषि उद्यमशीलता कार्यक्रम" सञ्चालन गरिनेछ। उक्त कार्यक्रममार्फत कृषि तथा पशुपालनमा आधारित स्टार्टअप, नवप्रवर्तन र स्वरोजगार प्रवर्द्धनका लागि आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सहयोग उपलब्ध गराइनेछ।

४३. जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै कृषि उत्पादनको दिगोपन सुनिश्चित गर्न जलवायुमैत्री कृषि प्रविधि, वर्षातको पानी संकलन, माटो संरक्षण तथा जैविक खेती प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

४४. डल्ले खुर्सानी, निगुरो, रायोको साग, ईस्कुस, याक चीज, कञ्चन चीज, घ्यू, छुर्पी लगायतलाई नगरको अर्थोपार्जन गर्ने स्रोतको रुपमा विकास गर्दै लगिनेछ।

४५. आलु र किवीलाई जिरी नगरपालिकाको विशिष्ट कृषि उत्पादनका रूपमा विकास गर्दै व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरणमा विशेष प्रोत्साहन गरिनेछ। साथै जिरी नगरपालिकालाई लेकाली आलु जोनका रूपमा स्थापित गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय र पहल गरिनेछ।

४६. व्यवसायिक कृषि तथा पशुपालनलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४७. "पढ्दै कमाउँदै" कार्यक्रमलाई सहयोग पुऱ्याउन विद्यालय कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

४८. कृषकहरूको उत्पादन काठमाडौं उपत्यका लगायत सम्भावित बजारसम्म सहज रूपमा पुऱ्याउन तथा कृषि उत्पादनका लागि आवश्यक मल तथा जैविक विषादी, बीउ र अन्य सामग्रीको ढुवानी व्यवस्थापनका लागि कृषि एम्बुलेन्स सञ्चालन गर्न आवश्यक पहल गरिनेछ।

४९. व्यवसायिक कृषकहरूलाई पशु स्वास्थ्य, पशु बीमा, नश्ल सुधार, उन्नत घाँस विकास, पशुपालन प्रविधि तथा गोठ सुधारसम्बन्धी कार्यक्रममा आवश्यक सहयोग गरिनेछ।

५०. कृषि तथा पशुपालन व्यवसायको उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम, प्रविधि हस्तान्तरण, उन्नत बीउ, सिँचाइ, पशु स्वास्थ्य तथा रोग व्यवस्थापनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

५१. उन्नत जातका पशुपंक्षी तथा माछापालन व्यवसायलाई सहज बनाउन आवश्यक नीति तथा नियम तर्जुमा गरिनेछ।

५२. निजी क्षेत्रको लगानीमा कृषि तथा पशुपालनमा आधारित उद्यम स्थापना गर्न इच्छुक कृषक तथा उद्यमीहरूलाई सहुलियतपूर्ण कर्जा, प्रविधि हस्तान्तरण तथा बजारीकरणमा आवश्यक सहजीकरण गरिनेछ।

५३. कृषकहरूलाई उन्नत तथा सुधारिएको खेती प्रविधिको ज्ञान विस्तार गर्न कम्तीमा एक तरकारी बालीमा एकीकृत बाली व्यवस्थापन (Integrated Crop Management- ICM) प्रविधिको नमूना अभ्यास सञ्चालन गरिनेछ।

५४. गैरसरकारी, निजी तथा सहकारी संस्थासँगको साझेदारीमा प्राङ्गारिक कृषि उपजको संकलन, प्रशोधन, ब्रान्डिङ, लेबलिङ, ग्रेडिङ र प्रमाणीकरणलाई प्रवर्द्धन गर्दै उत्पादनको उचित मूल्य सुनिश्चित गर्न Participatory Guarantee System (PGS) विधिलाई निरन्तरता दिइनेछ।

५५. जलवायु परिवर्तन र प्रतिकूल मौसमको प्रभाव न्यूनीकरण गर्दै कृषि उत्पादन वृद्धि गर्न बेमौसमी तरकारी खेती प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ।

५६. गुणस्तरीय तरकारी तथा फलफूलका बिरुवाको स्थानीय स्तरमै उत्पादन र सहज उपलब्धता सुनिश्चित गर्न नर्सरी स्थापना तथा सञ्चालनलाई प्रवर्द्धन गरिनेछ।

५७. कृषि यान्त्रीकरण, आधुनिकीकरण र व्यवसायीकरणका लागि कृषि यन्त्रमा अनुदान, आधुनिक प्रविधिको विस्तार तथा सिँचाइ र कृषि पूर्वाधार विकासका कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

५८. कृषि योग्य भूमिको माटो परीक्षण गरी माटोको गुणस्तर सुधारका लागि कृषकहरूलाई आवश्यक प्राविधिक तथा सामग्रीगत सहयोग उपलब्ध गराइनेछ।

५९. कृषि उत्पादक र उपभोक्ताबीच प्रत्यक्ष सम्पर्क स्थापित गर्न बजार व्यवस्थापन सूचना प्रणाली विकास गरिनेछ।

६०. स्थानीय कृषि उपजहरुको बजारीकरण गर्न ऐतिहासिक रूपमा सञ्चालन हुँदै आएका हाटबजार पुनःस्थापना गरिनेछ।

६१. उत्पादन, उत्पादकत्व, नवप्रवर्तन, बजारीकरण तथा रोजगारी सिर्जनामा उल्लेखनीय योगदान पुऱ्याउने उत्कृष्ट कृषक, कृषि समूह तथा सहकारी संस्थाहरूलाई सम्मान तथा पुरस्कृत गरिनेछ।

सहकारी

६२. जिरी नगरपालिकाको सहकारी ऐन, २०७५ लाई संघीय तथा प्रदेश कानुनसँग सामञ्जस्य कायम हुने गरी समयानुकूल परिमार्जन गरिनेछ। सहकारी क्षेत्रको प्रभावकारी नियमन, सुशासन तथा पारदर्शिता प्रवर्द्धनका लागि आवश्यक सहकारी नियमावली, कार्यविधि तथा मापदण्डहरू निर्माण एवं कार्यान्वयन गरिनेछ।

६३. नगर सहकारी समन्वय समितिलाई संस्थागत रूपमा थप सशक्त बनाई सहकारीको नियमन, अनुगमन, क्षमता विकास तथा प्रवर्द्धनात्मक कार्यमा प्रभावकारी रूपमा परिचालन गरिनेछ।

६४. जिरी नगरपालिकाभित्र सञ्चालित सम्पूर्ण सहकारी संस्थाहरूलाई सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) र राष्ट्रिय सहकारी नियमन प्राधिकरण (NCRA) मा आबद्ध गरी डिजिटल अभिलेखीकरण, तथ्याङ्क व्यवस्थापन, प्रतिवेदन तथा नियमन प्रणालीलाई व्यवस्थित बनाइनेछ।

६५. वित्तीय तथा संस्थागत रूपमा कमजोर, साना तथा समान प्रकृतिका सहकारी संस्थाहरूलाई एकीकरणका लागि प्रोत्साहन गरिनेछ भने निष्क्रिय तथा कानुनबमोजिम सञ्चालन हुन नसकेका सहकारी संस्थाहरूको दर्ता खारेजी तथा व्यवस्थापनका लागि आवश्यक कानूनी प्रक्रिया अगाडि बढाइनेछ।

६६. सहकारी संस्थाका सञ्चालक, लेखा तथा सुपरिवेक्षण समिति, सदस्य तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि सहकारी सुशासन, वित्तीय व्यवस्थापन, जोखिम व्यवस्थापन, सहकारी शिक्षा, उद्यम विकास तथा व्यवसायिक व्यवस्थापन सम्बन्धी तालिम, अभिमुखीकरण र सिकाइ कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

६७. सहकारी क्षेत्रमा वित्तीय अनुशासन, सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्न गैर-सदस्य कारोबार, कार्यक्षेत्र बाहिरको कारोबार, एकै प्रकृतिका संस्थामा दोहोरो सदस्यता, प्रचलित कानुन तथा मापदण्डको पालना नगर्ने लगायतका गतिविधिहरूको नियमित अनुगमन तथा नियमन गरिनेछ।

६८. बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरूलाई जोखिम व्यवस्थापन, वित्तीय पारदर्शिता तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणको भूमिका, अधिकारक्षेत्र र नियामकीय व्यवस्थाबारे आवश्यक सचेतीकरण तथा सहजीकरण गरिनेछ।

६९. स्थानीय उत्पादन र उद्यमसँग आबद्ध सहकारी संस्थामार्फत उत्पादित वस्तु तथा सेवाको मूल्य अभिवृद्धि, ब्राण्डिङ, बजारीकरण तथा बजार पहुँच विस्तारका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**नगर सभाका उपाध्यक्ष ज्यू,**
**नगरसभाका सदस्यज्यूहरू,**

पर्यटन

७०. सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सोलुखुम्बु लगायत हिमाली जिल्लाका उत्तरी भेगलाई समेटी Everest Highway निर्माणका लागि छिमेकी पालिका तथा जिल्लाहरूसँग निरन्तर संवाद गरी सम्बन्धित निकायमा सामूहिक पहलकदमी गरिनेछ।

७१. जिरी नगरपालिकाका प्रमुख पर्यटकीय गन्तव्यहरूको डिजिटल प्रवर्द्धनका लागि एकीकृत पर्यटन पोर्टल, डिजिटल नक्सा, क्यूआर कोडमा आधारित सूचना प्रणालीको व्यवस्थापनका लागि आवश्यक प्रबन्ध मिलाइने छ।

७२. पर्यटन प्रवर्द्धन तथा स्थानीय आयआर्जन अभिवृद्धिका लागि होमस्टे स्थापना, सञ्चालन र स्तरोन्नतिलाई प्रोत्साहन गरिनेछ।

७३. जिरीको पर्यटन तथा आर्थिक विकासको प्रमुख आधारका रूपमा रहने रुपान्तरणकारी आयोजना जिरी ताल निर्माण तथा हवाईमैदान निर्माण तत्काल अघि बढाउन सम्बन्धित निकायहरूसँग निरन्तर समन्वय तथा आवश्यक पहल गरिनेछ।

७४. संघीय सरकार, प्रदेश सरकार तथा पर्यटनसँग सम्बन्धित निकायहरूको सहयोग र साझेदारीमा जिरीलाई पर्यापर्यटन, कृषि, धार्मिक, शैक्षिक तथा सांस्कृतिक पर्यटनको केन्द्रका रूपमा विकास गर्दै बागमती प्रदेशकै उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्दै लगिनेछ। साथै जिल्लाका अन्य स्थानीय तहसँग समन्वय गरी एकीकृत पर्यटन गुरुयोजना निर्माणका लागि पहल गरिनेछ।

७५. पर्यटकको बसाइ अवधि लम्ब्याउन होटल तथा पर्यटन व्यवसायीहरूको क्षमता अभिवृद्धि, पर्यटक गाइड व्यवस्थापन, पर्यटन सूचना केन्द्र स्थापना तथा जिरी बजार आसपासमा सांस्कृतिक कला केन्द्र विकासका लागि निजी, सहकारी तथा सामुदायिक क्षेत्रसँग सहकार्य गरिनेछ। स्थानीय संस्कृति, कला र परम्पराको संरक्षण तथा प्रवर्द्धनका लागि नियमित सांस्कृतिक कार्यक्रम सञ्चालन गर्न सम्बन्धित संघसंस्थाहरूलाई आवश्यक सहयोग उपलब्ध गराइनेछ।

७६. हनुमन्ते क्षेत्रमा विशाल हनुमानको प्रतिमा सहित आवश्यक पर्यटन पूर्वाधार निर्माणका लागि संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र तथा विकास साझेदार संस्थाहरूको लगानी जुटाउन आवश्यक पहल गरिनेछ।

७७. जट्टापोखरी, पाँचपोखरी, क्याङ्से पोखरी, चेर्दुङ, स्टोन पार्क, औतारी गुफा, पाथीभरा मन्दिर, कुथामे पिकनिक पार्क, झण्डा पार्क, जिरेश्वर मन्दिर, राम्बोले मन्दिर, गुराँस पार्क, बुद्ध पार्क, टोनी हेगन पार्क, तेन्जिङ–हिलारी पार्क, ठुलोढुङ्गा पार्क, हलेश्वर मन्दिर, लौती झरना, राङराङ झरना लगायत पर्यटकीय क्षेत्रहरूको संरक्षण, सौन्दर्यीकरण तथा पूर्वाधार विकास गरी प्रचार प्रसार गरिनेछ।

७८. हनुमन्तेदेखि स्टोन पार्कसम्म साईकल रुट सञ्चालन गरी पर्यटन प्रबर्द्धन गर्न सम्बन्धित निकायहरूमा पहल एवम् समन्वय गरिनेछ।

७९. जिरीको पटासे/क्याङ्से क्षेत्रबाट प्याराग्लाइडिङको व्यावसायिक उडान गर्न निजी क्षेत्र र सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

८०. जिरीको पटासेमा निर्माण हुँदै गरेको एसियाकै अग्लो गुरु रिम्पोर्छेको प्रतिमा निर्माण सम्पन्न भएपछि बढ्न सक्ने धार्मिक पर्यटन लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

८१. पर्यटन, वन तथा वातावरण क्षेत्रका लागि नगरपालिकामा छुट्टै डेस्क स्थापनाका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

## शिक्षा, युवा तथा खेलकुद

८२. नगरको शैक्षिक विकासलाई दीर्घकालीन, परिणाममुखी र समावेशी ढंगले अघि बढाउन जिरी नगर शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन गर्दै लगिनेछ।

८३. जिरी प्राविधिक शिक्षालयमा शैक्षिक सत्र २०८३/८४ देखि अध्ययन गर्ने जिरी नगर क्षेत्रका जेहेन्दार, विपन्न, दलित, महिला लगायत १० जना छात्र/छात्रालाई पूर्ण शूल्कको छात्रवृत्ति प्रदान गरिनेछ।

८४. नगर क्षेत्रमा स्थायी बसोबास भएका विद्यार्थीहरू तथा अति विपन्न, अभिभावकविहीन विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनमा पहुँच सुनिश्चित गर्न स्थापित अध्ययन सहायता कोषलाई निरन्तरता दिइनेछ। उक्त कोषमार्फत योग्य विद्यार्थीलाई आर्थिक सहयोग प्रदान गर्दै शैक्षिक अवसरमा समानता कायम गरिनेछ।

८५. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार तथा साख अभिवृद्धिका लागि निश्चित विद्यालयहरूमा आवासीय कक्षा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ। यसले विद्यालय शिक्षालाई आकर्षक, पहुँचयोग्य र गुणस्तरीय बनाउन योगदान पुर्‍याउनेछ।

८६. विद्यार्थी संख्या, विद्यालय दूरी लगायतका मापदण्डका आधारमा नगरका विद्यालयहरु मर्ज गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८७. विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग, डिजिटल शिक्षण विधिको विस्तार तथा व्यवहारिक एवं व्यवसायिक शिक्षाको प्रवर्द्धनका लागि सबै विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार गरिनेछ। सबै विद्यालयहरुमा ई-हाजिरी प्रणाली जडान गरिनेछ।

८८. सम्बन्धित संघ–संस्थासँगको सहकार्यमा सामुदायिक विद्यालयहरूमा सञ्चालन भइरहेको बहुकक्षा बहुस्तर सिकाइ (MGML) पद्धतिलाई निरन्तरता दिँदै यसको प्रभावकारिता अभिवृद्धि गरिनेछ।

८९. विद्यार्थीहरूमा प्राविधिक विषयवस्तुप्रतिको ज्ञान, सीप तथा समझ अभिवृद्धि गर्न प्राविधिक शिक्षालयहरूसँग आवश्यक साझेदारी र समन्वय गरिनेछ।

९०. नगरको शैक्षिक कार्यक्रममा सहयोग तथा साझेदारी गरिरहेका संघ-संस्थाहरूका कार्यक्रमहरूलाई निरन्तरता दिँदै इच्छुक नयाँ संघ-संस्थाहरूसँग सहकार्य र समन्वयका लागि वातावरण निर्माण गरिनेछ।

९१. नगरभित्र उच्च शिक्षा प्रदान गर्दै आएका शैक्षिक संस्थाहरूको शैक्षिक गुणस्तर, भौतिक पूर्वाधार तथा संस्थागत क्षमता अभिवृद्धिका लागि आवश्यक सहयोग तथा सहजीकरणलाई निरन्तरता दिइनेछ।

९२. विद्यार्थीहरूको पोषण र विद्यालय उपस्थितिलाई सकारात्मक प्रभाव पारिरहेको दिवा खाजा अनुदानलाई निरन्तरता दिँदै थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउँदै लगिनेछ।

९३. विद्यालयहरूमा पूर्ण र पोषणयुक्त दिवा खाजा उपलब्ध गराउने उद्देश्यका साथ, स्थानीय रूपमा उत्पादन भएका अन्नबाली (जस्तै धान, मकै, गहुँ आदि) प्रयोग गर्ने विषयमा अभिभावकहरूलाई जानकारी र सचेतनामूलक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

९४. शिक्षकहरूको पेशागत विकासका लागि विषयगत मेन्टरिङ, नियमित सुपरीवेक्षण, पुनर्ताजगी तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ, जसले शिक्षण सिकाइ प्रक्रियालाई थप प्रभावकारी बनाउनेछ।

९५. जिरीको आर्थिक आधार कृषि, पर्यटन र पूर्वाधार विकासमा युवाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै स्थानीय विकासका विभिन्न क्षेत्रमा उनीहरूको ज्ञान, सीप र क्षमताको उपयोग गर्न प्रोत्साहित गरिनेछ।

९६. विद्यार्थीहरूलाई पाठ्यक्रम बाहेक खेलकुद, नृत्य, संगीत तथा अन्य जीवनोपयोगी अतिरिक्त सीप विकासमा सहभागी गराउन विद्यालयस्तरमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

९७. विद्यालयमा रिक्त दरबन्दीमा शिक्षक तथा कर्मचारी अभाव हुन नदिन करार शिक्षक तथा कर्मचारी व्यवस्थापन गरिनेछ, जसले पठनपाठन निरन्तर, प्रभावकारी र गुणस्तरीय बनाउन सहयोग पुऱ्याउनेछ।

९८. BLE र SEE को नतिजाका आधारमा विद्यार्थी, शिक्षक तथा उत्कृष्ट सामुदायिक विद्यालयलाई पुरस्कार तथा सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९९. नगरभित्रका युवाहरूलाई खेलकुद प्रशिक्षण, अभ्यास तथा विभिन्न स्तरका प्रतियोगितामा सहभागी हुन आवश्यक सहयोग उपलब्ध गराइनेछ। उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूको अभिलेख राखी उनीहरूलाई पुरस्कार, सम्मान तथा प्रोत्साहन प्रदान गरिनेछ।

**नगर सभाका उपाध्यक्ष ज्यू,**
**नगरसभाका सदस्यज्यूहरू,**

स्वास्थ्य

१००. विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य शिविर सञ्चालन कार्यक्रमलाई निरन्तरता दिँदै नागरिकको आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवामा पहुँच विस्तार गरिनेछ।

१०१. स्वास्थ्य बीमामा सबैको पहुँच सुनिश्चित गर्न पहल गरिनेछ। साथै स्वास्थ्य बीमा दर्ता सहयोगीहरूको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०२. गर्भवती तथा सुत्केरी महिलाहरूलाई सुरक्षित रूपमा अस्पतालसम्म पुऱ्याउन एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराइनेछ। साथै, नगरको क्षेत्रभित्र घटना/दुर्घटनामा मृत्यु भएका नागरिक तथा बेवारिसे शवको परीक्षण तथा व्यवस्थापनका लागि जिरी अस्पतालसम्म ल्याउने र नगर क्षेत्रभित्र घर वा घाटसम्म पुऱ्याउन निःशुल्क शव वाहन सेवा उपलब्ध गराइनेछ। यी सेवाहरू प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक कोष निर्माण गरी कार्यविधि बमोजिम सञ्चालन हुने व्यवस्था गरिनेछ।

१०३. "जेष्ठ नागरिक र अशक्तको सेवामा नगर प्रमुख" अभियान अन्तर्गत ७५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिक तथा "क" र "ख" वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई प्रत्येक तीन–तीन महिनामा घरमै स्वास्थ्यकर्मी परिचालन गरी स्वास्थ्य परीक्षण तथा आवश्यक औषधि निःशुल्क उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१०४. नगर क्षेत्रका अति विपन्न नागरिकहरूको स्वास्थ्य उपचारमा सहयोग पुऱ्याउन स्थापना गरिएको विपन्न नागरिक स्वास्थ्य उपचार सहायता कोषको प्रभावकारी कार्यान्वयन गरिनेछ।

१०५. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको योगदानलाई प्रोत्साहन गर्दै उनीहरूको क्षमता अभिवृद्धि तथा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०६. नगरभित्रका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन आवश्यक जनशक्ति व्यवस्थापन, औषधी आपूर्ति, उपकरण तथा पूर्वाधार सुदृढीकरणका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१०७. दिगो विकास लक्ष्य हासिल गर्न सूचक तोकिएका तथा न्यून उपलब्धि भएका प्राथमिकता प्राप्त स्वास्थ्य कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गरी स्वास्थ्य सेवाको पहुँच र गुणस्तरमा सुधार गरिनेछ।

१०८. स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित गर्दै जनस्वास्थ्य प्रोफाइल तयार गरिनेछ।

श्रम, रोजगार, उद्योग, व्यापार र लघु उद्यम

१०९. काठमाडौं महानगरपालिका र ललितपुर महानगरपालिकासँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल गरी वस्तु तथा सेवाको बजारीकरण, पर्यटन प्रवर्द्धन तथा आर्थिक-सांस्कृतिक सहकार्यलाई सुदृढ बनाइनेछ।

११०. स्थानीय श्रम, सीप तथा रोजगारी व्यवस्थापनलाई प्रभावकारी बनाउन श्रम बैङ्क सञ्चालन सम्बन्धी स्वीकृत कार्यविधिअनुसार श्रम बैङ्कलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ। स्थानीय स्तरमा उपलब्ध दक्ष, अर्धदक्ष तथा अदक्ष जनशक्तिको अभिलेखीकरण, अद्यावधिक तथा परिचालन प्रणालीलाई व्यवस्थित गरिदै लगिनेछ।

१११. नगरपालिकाभित्र उपभोक्ता समिति, निर्माण व्यवसायी तथा निजी क्षेत्रमार्फत सञ्चालन हुने विकास आयोजना, निर्माण कार्य तथा अन्य रोजगारीमूलक गतिविधिहरूमा श्रम बैङ्कमा आबद्ध स्थानीय जनशक्तिको सहभागिता बढाउन प्रोत्साहन तथा सहजीकरण गरिनेछ।

११२. सुरक्षित, व्यवस्थित तथा मर्यादित वैदेशिक रोजगारीलाई प्रवर्द्धन गर्न SAMI (Skill Assessment and Migration Information) कार्यक्रमसँगको सहकार्यमा वैदेशिक रोजगारीमा जान इच्छुक व्यक्तिहरूका लागि सुरक्षित आप्रवासन, वित्तीय साक्षरता तथा कानुनी सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

११३. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको ज्ञान, सीप, अनुभव तथा पुँजीलाई स्थानीय आर्थिक विकाससँग जोड्न “रिटर्नी उद्यमशीलता प्रवर्द्धन कार्यक्रम” सञ्चालन गरी उनीहरुलाई उद्यम स्थापना, व्यवसाय विस्तार, वित्तीय पहुँच, बजार व्यवस्थापन तथा रोजगारी सिर्जनाका लागि आवश्यक परामर्श, सहजीकरण र प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

११४. नगरपालिकाबाट विभिन्न समयमा प्रदान गरिएका सीपमूलक तथा व्यवसायिक तालिमका प्रशिक्षार्थीहरूको विवरण व्यवस्थापन तथा अद्यावधिक प्रणालीलाई थप व्यवस्थित बनाइनेछ। तालिमपश्चात् सीपको उपयोग, स्वरोजगारी, उद्यम तथा रोजगारीको अवस्थाबारे नियमित अनुगमन गरी सीप आर्जनलाई उत्पादनशील कार्यसँग जोड्ने नीति अवलम्बन गरिनेछ।

११५. स्थानीय स्रोत, साधन, कला, संस्कृति तथा परम्परागत ज्ञानको संरक्षण र आर्थिक उपयोगलाई प्रवर्द्धन गर्न हस्तकला तथा अन्य सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

११६. कृषि, जडीबुटी, पर्यटन तथा स्थानीय स्रोतमा आधारित लघु, घरेलु तथा साना उद्यमहरूको स्थापना, विस्तार र प्रवर्द्धनमा सहयोग गरिनेछ। स्वदेशमै उद्यम सञ्चालन गर्न इच्छुक युवा, महिला, वैदेशिक रोजगारीबाट सीप र पुँजीसहित फर्किएका नागरिक तथा नवप्रवर्तनमा आधारित स्टार्टअप उद्यमीहरूलाई सहुलियतपूर्ण कर्जा, उद्यम विकास सेवा, प्राविधिक परामर्श तथा बजार पहुँचका लागि आवश्यक सहजीकरण गरिनेछ।

भवन निर्माण तथा बस्ती विकास

११७. बागमती प्रदेश सरकारबाट हस्तान्तरित भई आएको लिङ्कन बजार स्थित रिक्रियशन हललाई थप मर्मत सम्भार तथा आवश्यक फर्निसिङको व्यवस्था गरी पूर्ण रुपमा प्रयोगमा ल्याइने व्यवस्था मिलाइने छ।

११८. जिरी नगरपालिका भित्र निर्माण भएका सार्वजनिक संरचनाहरूको व्यवस्थित अभिलेख राखी उद्देश्य अनुरुप उपयोग गरिने छ। नगरपालिकाद्धारा निर्माण सम्पन्न गरिएको सपिङ्ग कम्प्लेक्सलाई यथाशीघ्र पूर्ण संचालनमा ल्याउने पहल गरिने छ।

११९. मुख्य सडक किनारमा भएका बजार क्षेत्र खावा, हाटडाँडा, लिङ्कन बजार, पुम्पा र लहरेमाने लगायतका स्थानहरुमा सडक बत्ती र सी.सी. टिभी क्यामेरा मर्मत तथा थप जडानका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२०. नगरपालिकाको भवन निर्माण मापदण्डलाई प्रभावकारी कार्यान्वयन गर्दै भवन निर्माण इजाजत प्रणालीलाई अनिवार्य बनाइनेछ। यसअघि निर्माण भएका भवनहरूको निश्चित समयावधिभित्र नक्सा प्रमाणीकरण तथा अभिलेखीकरण गरी व्यवस्थित अभिलेख प्रणाली विकास गर्ने कार्यलाई निरन्तर अगाडि बढाइनेछ।

१२१. प्रचलित कानूनबमोजिम सडक क्षेत्राधिकार तथा सेटब्याक कायम गर्ने प्रत्यक्ष दायित्व तथा जिम्मेवारी सम्बन्धित घरधनीमा रहने गरी लामो साँघु जिरी सडक लगायत सार्वजनिक सडक क्षेत्रभित्र निर्माण भएका भवनहरूको अभिलेखीकरण गरिनेछ। यसका लागि नगरपालिकाबाट आवश्यक सहजीकरण तथा नियामकीय व्यवस्था मिलाइनेछ।

१२२. जिरी नगरपालिकाभित्र निर्माण भएका सबै प्रकारका भवनहरूको नक्सा अभिलेखीकरण कार्यलाई “नक्सा अभिलेखीकरण कार्यविधि, २०८१” बमोजिम प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लगिनेछ।

१२३. स्थानीय भवन निर्माण मापदण्ड (Building Bylaws), २०८३ लागू प्रभावकारी रुपमा कार्यान्वयन गरी भवन निर्माण कार्यलाई मापदण्डअनुकूल, सुरक्षित र व्यवस्थित बनाउँदै दिगो शहरी विकासलाई प्रवर्द्धन गरिनेछ।

१२४. भवन निर्माण इजाजत तथा नक्सा अभिलेखीकरण प्रक्रियालाई वातावरणमैत्री र व्यवस्थित बनाउन “लेदो व्यवस्थापन कार्यविधि, २०८०” को प्रभावकारी कार्यान्वयन गरिनेछ।

१२५. सरकारी, सामुदायिक तथा व्यवसायिक भवनहरू निर्माण गर्दा बालमैत्री, अपाङ्गतामैत्री, ज्येष्ठ नागरिकमैत्री तथा सुरक्षित पहुँचयुक्त संरचना निर्माणलाई क्रमशः अनिवार्य बनाइनेछ।

**नगर सभाका उपाध्यक्ष ज्यू,**
**नगरसभाका सदस्यज्यूहरू,**

भौतिक पूर्वाधार विकास

१२६. नगरपालिकाको मुख्य सडकका रूपमा घोषणा भई नगरको लाइफलाइनका रूपमा रहेका जिरी-माली-श्यामा-पुम्पा, हाटडाँडा-रेक्च्याङ-भोर्ले, जिरी-सिक्री-झाँक्रे र खावा-लहरेमाने-खोल्मे सडकहरूको स्तरोन्नतिका लागि संघीय सरकार तथा प्रदेश सरकारसमक्ष आवश्यक पहल गरिनेछ।

१२७. कुथामे पिकनिक पार्कमा जिरी नगरपालिकासँग भगिनी सम्बन्ध रहेको मित्र राष्ट्र चीनको कारुओ जिल्लाको छोङ्दु शहरसँगको सम्बन्धलाई चिरस्थायी बनाउन "जिरी–छोङ्दु मेमोरियल पार्क" निर्माणका लागि आवश्यक पहल गरिनेछ।

१२८. जिरी नगरपालिका भित्रका सबै सडकहरूको नामकरण, दुरी तथा अवस्थाको व्यवस्थित अभिलेख तयार गरिनेछ। आवश्यकता र प्राथमिकताको आधारमा सडकहरूको स्तरोन्नति तथा नियमित मर्मत सम्भारलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

१२९. आगामी आर्थिक वर्षका लागि उपलब्ध आन्तरिक स्रोतबाट कार्यान्वयन गर्न नसकिने तर बस्तीस्तरबाट माग भएका तथा नगरको आवश्यकताअनुसारका योजनाहरू समावेश गरी आयोजना बैंक तयार गरिनेछ। आयोजना बैंकमा समावेश योजनाहरूलाई संघीय सरकार, प्रदेश सरकार तथा गैरसरकारी संघ–संस्थासमक्ष प्रस्तुत गरी आवश्यक स्रोत व्यवस्थापन गरिनेछ। साथै आगामी वर्षहरूमा योजना छनौट तथा प्राथमिकता निर्धारण गर्दा आयोजना बैंकलाई अनिवार्य आधारका रूपमा लिई कार्यान्वयन गरिनेछ।

१३०. संघीय सरकार, प्रदेश सरकार तथा सम्बन्धित निकायहरूबाट विशेष अनुदान, समपूरक अनुदान लगायतका स्रोत परिचालन गर्न आवश्यकता र औचित्यका आधारमा योजना छनौट गरी सोका लागि सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिने व्यवस्था मिलाइनेछ।

१३१. स्वीकृत योजनाहरू कार्यान्वयनपूर्व लागत, गुणस्तर र प्रतिफल सुनिश्चित गर्न सम्बन्धित वडाध्यक्ष/वडासदस्य तथा प्राविधिकको उपस्थितिमा आयोजना स्थलको स्थलगत अध्ययन गरी योजना कार्यान्वयन ढाँचा सुनिश्चित भएपछि मात्र योजना सम्झौता गर्ने व्यवस्था मिलाइनेछ।

१३२. खानेपानीको गुणस्तर सुनिश्चित गर्न नियमितरुपमा पानीका मुहान परीक्षण तथा शुद्धीकरण/निर्मलीकरणका लागि आवश्यक संस्थागत तथा प्राविधिक व्यवस्था मिलाइनेछ।

१३३. नगरवासी सबै नागरिकलाई सुरक्षित, स्वच्छ तथा गुणस्तरीय खानेपानीको पहुँच सुनिश्चित गर्दै खानेपानी सेवाको क्रमिक विस्तार गरिनेछ।

१३४. नगरस्तरीय यातायात गुरु योजना (MTMP) लागू गर्दै सडक सञ्जालको योजनाबद्ध विकास, यातायात पहुँच विस्तार, सडक अतिक्रमण नियन्त्रण, पूर्वाधार निर्माणमा एकरूपता तथा सुरक्षित र व्यवस्थित आवागमन सुनिश्चित गरिनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

१३५. जिरी बजारमा रहेका खोलाहरूको सौन्दर्यकरण गरी नगरको वातावरणलाई हराभरा र आकर्षक बनाउन मुख्य सडक किनार तथा पार्कहरूमा विभिन्न प्रजातिका फलफूल तथा हरियालीयुक्त बिरुवाहरू रोपण गरी हरित क्षेत्र विस्तार गरिनेछ।

१३६. नगर क्षेत्रभित्रको फोहोरमैला स्रोतमा नै वर्गीकरण गरी व्यवस्थापन गर्ने नीति अनिवार्य रूपमा अवलम्बन गरिनेछ। साथै फोहोर व्यवस्थापन केन्द्रको पूर्वाधार सुदृढीकरण गर्दै फोहोरको पुनःप्रयोग, प्रशोधन तथा व्यवस्थापन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लगिनेछ।

१३७. ठोस फोहोर व्यवस्थापन प्रणालीलाई सुदृढ बनाउन हाल संचालनमा रहेको डम्पिङ साइटको स्तरोन्नति गरी आवश्यक संरचना तथा पूर्वाधार निर्माणलाई नियमित गरिनेछ।

१३८. नगर क्षेत्रभित्रका नदी तथा सार्वजनिक स्थलहरूमा फोहोर फाल्ने, करेन्ट लगाउने तथा विष प्रयोग गरी जलचर नष्ट गर्ने जस्ता अवैध कार्यहरूलाई कडाइका साथ नियमन गरिनेछ।

१३९. विकास निर्माण कार्यमा वातावरणमैत्री प्रविधि तथा दिगो विकासका सिद्धान्तहरू अनिवार्य रूपमा अवलम्बन गरिनेछ।

१४०. जोखिम संवेदनशील भू–उपयोग योजनालाई चरणबद्ध रूपमा कार्यान्वयन गर्दै सुरक्षित बस्ती विकास र विपद् जोखिम न्यूनीकरणलाई प्रवर्द्धन गरिनेछ।

१४१. पशुपंक्षीका लागि पिउने पानीको व्यवस्था तथा जलस्रोत संरक्षण र पुनर्भरणका लागि उपयुक्त स्थानहरूमा रिचार्ज पोखरी निर्माण तथा संरक्षण गरिँदै लगिनेछ।

१४२. संघीय तथा प्रदेश सरकार तथा विभिन्न साझेदार संघ-संस्थासँगको सहकार्यमा जलवायु अनुकूलनसम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१४३. वन डढेलो, भूक्षय, पहिरो तथा अन्य प्राकृतिक विपद्का जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणाली, जनचेतना अभिवृद्धि तथा समुदायमा आधारित विपद् तयारी कार्यक्रम सञ्चालन गरिनेछ।

१४४. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद् पूर्व तयारी, प्रतिकार्य, राहत, पुनःस्थापना तथा पुनःनिर्माणका कार्यहरूलाई थप चुस्त, समन्वित र परिणाममुखी बनाइनेछ।

१४५. विपद् व्यवस्थापन कोषलाई आवश्यक स्रोतसहित सुदृढ गर्दै अनिवार्य रूपमा आवश्यक कार्यविधिमार्फत पारदर्शी तथा परिणाममुखी रूपमा सञ्चालन गरिनेछ।

१४६. विपद् व्यवस्थापनका सबै चरणहरूमा सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा नागरिक समाजसँगको समन्वय र साझेदारीलाई संस्थागत रूपमा प्रभावकारी बनाइनेछ।

राजश्व

१४७. जिरी नगरपालिका भित्र खानीजन्य उद्योगहरूको स्थापना तथा सञ्चालनमा सहजीकरण गर्दै स्थानीय रोजगारी सिर्जना र आन्तरिक राजस्व वृद्धिमा योगदान पुऱ्याउने नीति अवलम्बन गरिनेछ।

१४८. करको दर मात्र नभई करको दायरा विस्तार गर्दै नगरका सम्पूर्ण आर्थिक गतिविधिलाई कर प्रणालीमा समेटी आन्तरिक राजस्व वृद्धि गरिनेछ। साथै व्यवसायीहरूका लागि कर सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१४९. जिरी नगरपालिका र रामेछापको गोकुलगंगा गाउँपालिका बीचको सीमावर्ती खिम्ती खोलाको नदीजन्य पदार्थ उपयोगका सम्बन्धमा दुवै स्थानीय तहको समान अधिकार सुनिश्चित हुने आधारमा नगरपालिकाको न्यायोचित हिस्सेदारी प्राप्त गर्न सम्बन्धित निकायमा आवश्यक पहल तथा समन्वय गरिनेछ।

पञ्जीकरण तथा सामाजिक सुरक्षा

१५०. पञ्जीकरण तथा सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप सुदृढ, पारदर्शी र प्रभावकारी बनाउन नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरूको संस्थागत तथा प्राविधिक क्षमता अभिवृद्धिका लागि नियमित रूपमा तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१५१. सम्बन्धित वडा कार्यालय, बैंक तथा सुरक्षा निकायसँगको समन्वयमा जिरी नगरपालिका वडा नं. १, २, ३, ८ र ९ मा सञ्चालन हुँदै आएको सामाजिक सुरक्षा भत्ता वितरण सहजीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। उक्त कार्यक्रममार्फत सेवाग्राहीलाई थप सहज, प्रभावकारी र सर्वसुलभ पहुँच सुनिश्चित गरिनेछ।

१५२. व्यक्तिगत घटना दर्तालाई प्रभावकारी बनाउँदै प्रक्रिया र जनचेतनामा सुधार ल्याउन व्यक्तिगत घटना दर्ता सप्ताहलाई निरन्तरता दिइनेछ।

**नगर सभाका उपाध्यक्ष ज्यू,**
**नगरसभाका सदस्यज्यूहरू,**

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

१५३. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) का सिद्धान्तलाई नगरपालिकाका नीति, योजना, बजेट तथा कार्यक्रमहरूमा मूलप्रवाहीकरण गर्दै लक्षित वर्गको अर्थपूर्ण सहभागिता, पहुँच तथा लाभ सुनिश्चित गरिनेछ।

नगरपालिकाको योजना तर्जुमा देखि कार्यान्वयनसम्म आवश्यकता अनुसार बाल सहभागिता तथा बाल प्रतिनिधित्व सुनिश्चित गरिनेछ। बाल अधिकारका आधारभूत आयामहरू "बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता"को सुनिश्चितताका लागि सरोकारवाला निकायहरूसँगको साझेदारीमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१५४. नगरको बालमैत्री आचारसंहिता मापदण्ड, २०८३ बमोजिम आगामी वर्षभित्र पालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने कार्यक्रमलाई थप अगाडि बढाइने छ। बालमैत्री नगरपालिका घोषणाका लागि आवश्यक सूचकहरू पूरा गर्न सरकारी, गैरसरकारी, निजी तथा समुदाय स्तरका सरोकारवालाहरूसँग सहकार्य, साझेदारी र सहभागिता विस्तार गरिनेछ।

१५५. बालबालिका, किशोरकिशोरी, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूमाथि हुन सक्ने हिंसा, विभेद, दुर्व्यवहार तथा सामाजिक बहिष्करण न्यूनीकरण गर्न सचेतना, परामर्श, मनोसामाजिक सहयोग तथा संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१५६. गर्भवती तथा सुत्केरी आमा र नवजात शिशुको स्वास्थ्य तथा पोषण सुधारका लागि "सुत्केरी आमासँग उपप्रमुख कार्यक्रम" लाई निरन्तरता दिँदै पोषणमैत्री स्थानीय तह घोषणामा सहयोग पुऱ्याइनेछ।

१५७. एकल महिला तथा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण, क्षमता विकास, आयआर्जन तथा रोजगारी प्रवर्द्धनका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

१५८. महिलाहरूको ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्दै उनीहरूको आयआर्जन र रोजगारीका अवसर विस्तार गर्न सशक्तिकरण तथा नेतृत्व विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५९. लैङ्गिक तथा घरेलु हिंसा न्यूनीकरण गर्दै आर्थिक, राजनीतिक तथा प्रशासनिक क्षेत्रमा महिला, दलित, अल्पसंख्यक तथा अन्य लक्षित समुदायको सहभागिता अभिवृद्धिका लागि सचेतनामूलक, कानुनी सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१६०. ज्येष्ठ नागरिकहरूको अनुभव र ज्ञानलाई सामाजिक तथा स्थानीय विकासमा उपयोग गर्ने नीति अवलम्बन गरिनेछ। साथै, ज्येष्ठ नागरिकहरूका लागि उपयुक्त स्थानमा मिलन केन्द्र स्थापना गरी आपसी संवाद, अनुभव आदान–प्रदान, सिकाइ पुस्तान्तरण तथा मनोरञ्जनात्मक गतिविधिका लागि आवश्यक वातावरण सिर्जना गर्न पहल तथा समन्वय गरिनेछ।

## न्याय सम्पादन तथा मेलमिलाप व्यवस्थापन

१६१. न्याय सम्पादनमा पूर्ण अग्रसरता लिई न्यायिक प्रक्रियालाई थप भरोसायोग्य, निष्पक्ष र प्रभावकारी बनाइनेछ। साथै समाजमा देखापर्ने सामान्य विवादहरूको समाधान मेलमिलापको माध्यमबाट गर्ने अभ्यासलाई प्राथमिकता दिइनेछ।

१६२. नगरपालिका भित्र सूचीकृत मेलमिलापकर्ताहरूलाई विवाद समाधानमा संलग्न गराएबापत प्रदान गरिँदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ। साथै सामाजिक मेलमिलाप केन्द्रका संयोजकलाई प्रदान गरिने सञ्चार तथा यातायात खर्चलाई व्यवस्थित गर्दै लगिनेछ।

१६३. मेलमिलाप सम्बन्धी आधारभूत तथा पुनर्ताजगी तालिम कार्यक्रम सञ्चालन गरी मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धि गरिनेछ, जसले वैकल्पिक विवाद समाधान प्रणालीलाई प्रभावकारी बनाउन सहयोग पुर्‍याउनेछ।

१६४. वडास्तरीय मेलमिलाप केन्द्रहरूलाई थप व्यवस्थित, सुदृढ तथा प्रभावकारी बनाउँदै स्थानीय स्तरमै विवाद समाधान गर्न सक्ने संस्थागत संरचनाको विकास गरिनेछ।

## गैर सरकारी संघ-संस्था

१६५. गैरसरकारी संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत रूपमा सुदृढ गर्दै नियमित प्रगति समीक्षा गर्ने व्यवस्था प्रभावकारी बनाइनेछ।

१६६. जिरी नगरपालिकामा कार्यक्रम सञ्चालन गर्न इच्छुक तथा कार्यरत गैरसरकारी संस्थाहरूको कार्यक्रम तथा बजेट नगरसभाबाट स्वीकृत गर्ने विद्यमान व्यवस्थालाई निरन्तरता दिइनेछ।

१६७. गैरसरकारी संस्थाहरूको कार्यक्रम कार्यान्वयनमा नगरपालिकासँगको समन्वय, साझेदारी र सहकार्यलाई थप प्रभावकारी बनाइनेछ। साथै, यस्ता संस्थाहरूको गतिविधिलाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउन नगरमा अनिवार्य रूपमा सूचीकृत हुने व्यवस्था मिलाइनेछ।

## भाषा तथा संस्कृति

१६८. जिरी नगरपालिकाको बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक पहिचानको संरक्षण, संवर्द्धन र सुदृढीकरणका लागि जिरेल, सुनुवार, तामाङ, शेर्पा, नेवार लगायत आदिवासी जनजाती एवं खस आर्य लगायतका समुदायका भाषा, साहित्य, कला, संस्कृति, मौलिक परम्परा तथा अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण, अभिलेखीकरण, डिजिटलीकरण र पुस्तान्तरणसम्बन्धी कार्यक्रमहरू क्रमशः सञ्चालन गरिनेछन्।

१६९. जिरी नगरपालिकाको धार्मिक तथा सांस्कृतिक पहिचानलाई पर्यटनसँग आबद्ध गरी धार्मिक तथा सांस्कृतिक पर्यटनलाई प्रवर्द्धन गरिनेछ।

## संस्थागत सुशासन तथा सेवा प्रवाह

१७०. नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि तथा सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्न कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाउँदै उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी तथा शाखाहरूलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ।

१७१. नगरपालिकाका नीति, योजना, कार्यक्रम तथा सेवा सम्बन्धी सूचना नागरिकको सहज पहुँचमा पुर्‍याउन डिजिटल सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्दै सूचना प्रवाह, गुनासो व्यवस्थापन तथा नागरिक सुझाव संकलन प्रणालीलाई थप व्यवस्थित बनाइनेछ।

१७२. नगरले तयार पारेको मध्यमकालीन खर्च संरचना (MTEF) को विश्लेषण गरी त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ।

१७३. सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउँदै नगरपालिकालाई डिजिटल नगरपालिकाका रुपमा रुपान्तरण गरिँदै लगिनेछ।

१७४. नगरपालिकाको संगठन संरचनालाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गरिनेछ।

१७५. सुशासनका औजारका रूपमा रहेका सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा वार्षिक एवं अर्धवार्षिक समीक्षा कार्यक्रमहरूलाई नियमित रूपमा अनिवार्य सञ्चालन गरिनेछ।

१७६. जिरी नगरपालिकाले अभ्यासमा ल्याएको सहभागितामूलक योजना कार्यान्वयन पुस्तिकालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लगिनेछ। साथै योजना सम्झौता लगायत नगरपालिकाबाट प्रदान गरिने थप सेवाहरूलाई नागरिकको घरदैलोमै पुऱ्याउन एकीकृत घुम्ती सेवा शिविर सञ्चालनलाई निरन्तरता दिइनेछ।

१७७. नगरपालिकाबाट स्वीकृत कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रम कार्यान्वयन मार्गदर्शन तथा कार्यतालिका स्वीकृत गरी लागू गरिनेछ, जसबाट कार्यान्वयनमा एकरूपता, सहजता र कानूनी परिपालना सुनिश्चित हुनेछ।

१७८. योजना अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी, पारदर्शी र नतिजामुखी बनाइनेछ।

१७९. नगरभित्र रहेका बैंक, वित्तीय संस्था, इलाका प्रहरी कार्यालय लगायतसँगको समन्वय र साझेदारीमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

१८०. जिरी नगरपालिकामा एकीकृत दरबन्दीमा कार्यरत करार कर्मचारीहरूलाई क्रमशः सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१८१. कर्मचारीहरूको कार्यसम्पादन सुधार गर्न नियमित रूपमा क्षमता विकास तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

१८२. कर्मचारीहरूलाई प्रदान गरिँदै आएको स्थानीय प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ। साथै सेवारत तथा सेवा निवृत्त कर्मचारीहरूको सेवा सुविधा सम्बन्धी निर्देशिका तयार गरी अनिवार्य रूपमा लागू गरिनेछ।

अन्तमा,

यस नगरपालिकाको वार्षिक योजना, कार्यक्रम र बजेटलाई मार्गदर्शन गर्ने नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा विभिन्न क्षेत्रका अग्रज व्यक्तित्व, कृषक प्रतिनिधि, सहकारी संस्था, उद्योग वाणिज्य संघ, होटल व्यवसायी संघ, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति लगायत लक्षित समुदायका प्रतिनिधि, संघीय तथा प्रादेशिक कार्यालयका प्रतिनिधि तथा जिरीका स्थानीय राजनीतिक दलहरूबाट प्राप्त सुझाव, सहकार्य र सहयोगप्रति हार्दिक आभार व्यक्त गर्दछु।

त्यसैगरी, यस नीति तथा कार्यक्रम तयार गर्ने क्रममा निरन्तर रूपमा सक्रिय रही योगदान पुऱ्याउनु हुने उपप्रमुख, विषयगत समितिका पदाधिकारी, वडा अध्यक्ष, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीप्रति विशेष धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद !!!